# लिखु तामाकोशी गाउँपालिका
Likhu Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं. (Ref. No.):- ०८२/०८४
च.नं. (Dispatch No.):- ५२

मिति (Date):- २०८२/०४/१४

विषयः तेस्रो तथा अन्तिम पटक विवरण पेश गर्ने सम्बन्धमा (अन्तिम ताकेता)।

**श्री सम्पूर्ण सहकारी संस्थाहरू**
लिखु तामाकोशी गाउँपालिका, रामेछाप।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति २०८३/०३/१७ गते प्रथम पटक तथा त्यसपश्चात् दोस्रो पटक मिति २०८३/०४/०५ गते सूचना प्रकाशन एवं पत्राचार गरी गाउँपालिकाको कार्यक्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरूलाई संस्थागत, प्रशासनिक, वित्तीय तथा अन्य माग गरिएका विवरणहरू उपलब्ध गराउन अनुरोध तथा निर्देशन गरिएको। तर, पटक—पटक औपचारिक रूपमा सूचना तथा निर्देशन जारी हुँदासमेत कतिपय सहकारी संस्थाबाट हालसम्म समेत माग गरिएका विवरणहरू पेश नगरिएको, कतिपय संस्थाले कुनै प्रतिक्रिया नै नजनाएको तथा सम्बन्धित नियामक निकायसँग आवश्यक समन्वय नगरेको अवस्था देखिन्छ। यस प्रकारको उदासीनता सहकारी संस्थाको पारदर्शिता, उत्तरदायित्व, सुशासन तथा प्रचलित कानुनको पालना विपरीत रहेको गाउँपालिकाको ठहर रहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

सहकारी संस्थाले आफ्नो संस्थागत, प्रशासनिक तथा वित्तीय विवरण नियामक निकायलाई उपलब्ध गराउनु, अभिलेख अद्यावधिक राखु तथा COPOMIS प्रणालीमा नियमित विवरण प्रविष्ट गर्नु सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा प्रचलित कानुनी व्यवस्थाअनुसारको अनिवार्य दायित्व हो। उक्त दायित्वको निरन्तर अवज्ञा गर्नु नियामकीय कारबाहीको आधार बन्न सक्ने विषय भएकाले यसलाई गम्भीर रूपमा लिन सम्बन्धित सबै सहकारी संस्थालाई सचेत गराइन्छ।

अतः यस पत्रलाई तेस्रो तथा अन्तिम सूचना (Final Notice) का रूपमा मानी, यो प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र माग गरिएका सम्पूर्ण विवरण तथा कागजातहरू अध्यक्ष र व्यवस्थापकबाट प्रमाणित गरी Soft Copy तथा Hard Copy दुवै माध्यमबाट (panjikaransakha6@gmail.com) अनिवार्य रूपमा यस गाउँपालिकामा पेश गर्नुहुन निर्देशन गरिन्छ।

तोकिएको अन्तिम समयसीमाभित्र समेत विवरण पेश नगर्ने, नियामकीय निर्देशनको अवज्ञा गर्ने सहकारी संस्थाका हकमा कुनै थप सूचना वा ताकेता नगरी प्रचलित कानुनबमोजिम आवश्यक नियामकीय, प्रशासनिक तथा कानुनी प्रक्रिया तत्काल अगाडि बढाइनेछ। साथै त्यस्ता संस्थाको अनुगमन, निरीक्षण, अभिलेख परीक्षण, आवश्यक स्पष्टीकरण माग, सम्बन्धित निकायमा कारबाहीका लागि लेखी पठाउने तथा कानुनले व्यवस्था गरेका अन्य आवश्यक कारबाहीहरू समेत अवलम्बन गरिनेछ। यसबाट उत्पन्न हुने सम्पूर्ण कानुनी, प्रशासनिक तथा वित्तीय दायित्व सम्बन्धित सहकारी संस्था स्वयंले वहन गर्नुपर्ने व्यहोरा स्पष्ट रूपमा जानकारी गराइन्छ। यस सूचनालाई गम्भीरतापूर्वक पालना गरी तोकिएको समयभित्र विवरण पेश गर्न सम्बन्धित सबै सहकारी संस्थालाई पुनः निर्देशन गरिन्छ।

सिजन खड्का
शाखा प्रमुख

०८२।४।१४
प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ
श्रीमान अध्यक्षज्यू लिखु तामाकोशी गाउँपालिका, रामेछाप।
श्रीमान उपाध्यक्षज्यू लिखु तामाकोशी गाउँपालिका, रामेछाप।

# लिखु तामाकोशी गाउँपालिका
## Likhu Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं. (Ref. No.):- ०८२/०८३
च.नं. (Dispatch No.):- २८३६

मिति (Date):- २०८२/३/१६

श्री सहकारी संस्थाहरु सबै
लिखु तामाकोशी गाउँपालिका, रामेछाप।

विषय: विवरण अनिवार्य उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस लिखु तामाकोशी गाउँपालिकाको क्षेत्राधिकार भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूको संस्थागत तथा वित्तीय अवस्थाको अभिलेखीकरण संस्था अनुगमन गर्न आवश्यक भएकोले, तपसिल बमोजिमका विवरण तथा कागजातहरू तयार गरि सो को Soft Copy (panjikaransakha6@gmail.comमा) र Hard Copy संस्थाको अध्यक्ष र व्यवस्थापकले प्रमाणित गरि यस आर्थिक वर्ष २०८२/०८३ को असार मसान्त भित्रयस कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

निर्धारित समयभित्र माग गरिएका विवरणहरू पूर्ण तथा अद्यावधिक रूपमा पेश गरिदिनुहुन अनुरोध गरिन्छ।

तपसिलः

| | | | |
|---|---|---|---|
| सहकारी संस्थाको नाम | | महिला कर्मचारी | |
| ठेगना | | अध्यक्षको नाम | |
| प्रकृति | | सम्पर्क नं. | |
| दर्ता नं. | | व्यवस्थापकको नाम | |
| दर्ता मिति | | सम्पर्क नं. | |
| इमेल ठेगना | | सेवा केन्द्रको संख्या | |
| पछिल्लो साधारण सभाको मिति | | सेवा केन्द्रहरुको नाम | |
| पछिल्लो लेखा परिक्षणको मिति | | कै | |
| शेयर सदस्य पुरुष | | | |
| शेयर सदस्य महिला | | | |
| संस्थागत सदस्य | | | |
| जम्मा शेयर सदस्य | | | |
| पान.नं. | | | |
| कुल शेयर रकम | | | |
| कुल बचत | | | |
| ऋणी संख्या | | | |
| कुल ऋण लगानी | | | |
| कुल सम्पति | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८२/३/१६

# लिखु तामाकोशी गाउँपालिका
Likhu Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं. (Ref. No.):- २०८३/०८४

च.नं. (Dispatch No.):-

मिति (Date):- २०८२/०४/१४

हालसम्म समयावधि भित्र विवरण पेश गर्ने सहकारी संस्थाहरु:

प्रथम पटक सूचना प्रकाशित समयावधि भित्र विवरण बुझाउने संस्थाहरु

| | | |
|---|---|---|
| जनसहयोगि बचत तथा ऋण सहकारी संस्था लि. | मन्थली बचत तथा ऋण सहकारी संस्था लि. | धोबीडंडा बचत तथा ऋण सहकारी संस्था लि. |
| श्री तिल्पुङ्ग कृषि बचत तथा ऋण सहकारी संस्था लि | श्री जनहितकोष बचत तथा ऋण सहकारी संस्था लि. | श्री मनसुन साना किसान कृषि सहकारी संस्था लि. |
| श्री जमुनापारी कृषि सहकारी संस्था लि. | श्री चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड | नव सन्देश बचत तथा ऋण सहकारी संस्था लि. |

दोस्रो पटकसूचना प्रकाशित समयावधि भित्र विवरण बुझाउने संस्थाहरु

| | | |
|---|---|---|
| अल्लो बहुउद्देष्यिय कृषि सहकारी संस्था लि. | भूसंघर्ष कृषि सहकारी संस्था लि. | नव जागरण बचत तथा ऋण सहकारी संस्था लि. |
| श्री सु-प्रज्ञा बचत तथा ऋण सहकारी संस्था लि. | भृङ्गेश्वर कृषि सहकारी संस्था लि. | |

सिजन खड्का
शाखा प्रमुख

८२।४।१४
प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत